बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, जयगढ, अछाम, सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

# बान्नीगढी जयगढ गाउँपालिका संस्था दर्ता तथा नविकरण कार्यबिधि, २०८२

स्थानिय सरकार स१चालन ऐन, २०७४ दफा ११ (ठ) र बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७९ को दफा ४ को अधिकार प्रयोग गरी बान्नीगढी जयगढ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०६।१९ को बैठक बाट यो संस्था दर्ता तथा नविकरण कार्यविधि २०८२ पारित गरिएकोछ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "बान्नीगढी जयगढ गाउँपालिका संस्था दर्ता तथा नविकरण कार्यबिधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठक बाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ ।

## २ परिभाषाः

बिषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) संस्था भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, सैदान्तिक, आर्थिक, ब्यवसायिक तथा परोपकारी कार्यको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लव, मण्डल, परिषद, अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

(ख) स्थानिय अधिकारी भन्नाले प्रमुख प्रसासकीय अधिकृत लाई सम्झनुपर्छ ।

(ग) प्रबन्ध समिति भन्नाले संस्थाको बिधान अनुसार गठन भएको समितिलाई सम्झनुपर्छ।

(घ) कार्यक्षेत्र गाउँपालिका लाई कार्यक्षेत्र बनाउने मुख्य कार्यालय गाउँपालिका भित्र सञ्चालन भएकोलाई सम्झनुपर्छ ।

## ३ दर्ता नगरी संस्था दर्ता नहुने

यस कार्यविधि बमोजिम दर्ता नगरी स्थापना भएको संस्था स्थापना भएको मानिने छैन ।

## ४ संस्था दर्ता

(१) संस्था स्थापना गर्नचाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थानको बिधानको एक प्रति र तोकिएको दस्तुर सहित अनुसूची-१ को ढांचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम

ख) संस्थाको उद्देश्यहरु

टेक बहादुर साउद
अध्यक्ष

(ग) प्रवन्ध समितिका सदस्यहरुको नाम ठेगाना र पेशा

(घ) आर्थिक श्रोत

(ङ) कार्यालयको ठेगाना

(२) दफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानिय अधिकारीले आवश्यक जाँच बुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा अनुसूची-२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नुपर्नेछ र यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची-३ बमोजिमको दर्तको प्रमाण-पत्र दिनेछ।

(३) स्थानिय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिन भित्र त्यस्तो निर्णय उपर गाउँपालिका अध्यक्ष समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुरी प्राप्त भएपछि गाउँपालिका अध्यक्षले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिप ठहराएमा सो संस्था दर्ता गर्न स्थानिय अधिकारीलाई आदेस दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानिय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

## ४.१ दर्ताको अवधि नवीकरण र दस्तुरः

(१) दफा ४ (२) बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक बर्ष सम्म बहाल रहने ।

(२) उपदफा (१) बमोजिम संस्थाको दर्ता बहाल रहने अवधि समाप्त भएको मितिले तिन महिना भित्र सम्बन्धित संस्थाले स्थानिय अधिकारीबाट पाँचसय रुपैयाँ दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नविकरण हुन नसकेको मनासिब कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानिय अधिकारीले उपदफा (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुरमा यस गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि म्याद भित्र नबिकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाण-पत्र नवीकरणहुन नसकेको मनासिप कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक बर्षको लागि लाग्ने नविकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक बर्षको लागि एक हजार रुपैयाँका दरले थप जरिवाना समेत लिई स्थानिय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नविकरण गरी दिन सक्नेछ ।

(५) दर्ताको प्रमाण-पत्र नविकरण गर्ने संस्थाले निवेदन दिदा कार्यसमितिका पदाधिकारीहरुको नामावली तथा प्रगति र लेखापरिक्षण प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ ।

(६) उपदफा (३) बमोजिम दर्ताको प्रमाण-पत्र नविकरण गरेको जानकारी स्थानिय अधिकारीले नेपाल सरकार गृह मन्त्रालयलाई दिनु पर्नेछ ।

## ५. संगठित संस्था मानिनेः

(१) यस कार्यविधि अन्तरगत दर्ता भएको प्रतेक संस्था अविच्छिन्न उत्ताराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। यी संस्थाकोसबै कामको निमित्त आफ्नो एउटा छुट्टैछाप हुनेछ

(२) संस्थाले व्याक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्याक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुरी लाग्नेछ '।

## ६. संस्थाको सम्पत्तिः

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै ब्यक्तिले संथाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा कब्जा गरेमा वा रोक्का राखेमा स्थानिय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानिय अधिकारीले गरेको कारवाहीमा चित्त नबुझने व्याक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै ब्यक्तिले संथाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विमान गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानिय अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

(४)संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा स्वतः स्थानिय सरकारको हुनेछ ।.

## ७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः

-यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले तिन महिना भित्र यो कार्य विधि बमोजिम दर्ता गराउनु पर्नेछ ।

## ८. संस्थाको उद्देश्यमा हेरफेरः

टेक बहादुर साउद
अध्यक्ष

(१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुईतिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ तर सो प्रस्ताव लागु गर्न स्थानिय अधिकारीको पूर्व स्वीकृतति लिनु पर्नेछ ।

## ९. हिसावको विवरण पठाउनु पर्नेः

प्रबन्ध समितिले आफ्नो संस्थाको हिसावको विवरण लेखापरिक्षको प्रतिवेदन सहित प्रतेक बर्ष स्थानिय अधिकारीलाई पठाउनु पर्नेछ ।

## १०. हिसाब जाँच गर्नेः

(५) स्थानिय अधिकारीले आवश्क देखेमा संस्थाको हिसाब आफुले नियुक्त गरेको कुनै कर्मचारीबाट जाँच गराउन सक्नेछ।

(६) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानिय अधिकारीले हिसाव जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तिन प्रतिशतमा नबढाईआफैले निर्धारित गरेको दस्तुर असूल गरीलिन सक्नेछ ।

(७) हिसाब जाँच गर्ने कर्मचारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(८) हिसाब जाँच गर्ने कर्मचारी स्थानिय अधिकारिले तोकी दिएको म्याद भित्र हिसाव जाँचको प्रतिवेदन स्थानिय अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको, वा दुरुपयोग गरेको छ भन्ने स्थानिय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्ने तर प्रचलित कानूनले सजायसमेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउन लगाउनेछ ।

## ११. निर्देशन दिनः

बान्नीगढी जयगढ गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्न सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## १२.दण्ड सजायः

टेक बहादुर साउद
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
जयगढ, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई स्थानिय अधिकारीले जनही दुई हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरु लाई स्थानिय अधिकारीले पाँचसय रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित कर्मचारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानिय अधिकारीले पाँचसय रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम स्थानिय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्था सित गाभेमा वा संस्थाले आफ्नो उद्देश्य प्रतिकुल हुने गरी कामकार्वाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा स्थानिय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३.पुनरावेदनः**

दफा १२ बमोजिम स्थानिय अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

**१४. संस्थाको विघठन र त्यस्को परीणामः**

(१) संस्थाको बिधान बमोजिम कार्य सञ्चालन गर्न नसकेको वा अन्य कुनै कारण वश संस्था विघठन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा बान्नीगढी जयगढ गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा १ बमोजिम विघठन भएको दायित्वको हकमा सो संस्थाको जायजेथा थामे सम्म त्येस्तो दायित्व नेपाल सरकारले व्यहोर्नेछ ।

**१५ उ. अन्य नेपाल ऐन बमोजिम दर्ता तथा स्थापना गर्नु पर्नेछः**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा वा स्थापना गर्नु पर्नेछ ।

टेक बहादुर साउद
अध्यक्ष

अनुसूची- १

(दफा ३ संग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत

बान्नीगढी जयगढ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जयगढ अछाम

मिति

बिषयः

महोदय,

हामिले............................................................सम्बन्धी संस्था दर्ता गर्न चाहेकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संस्था दर्ता गर्नाको लागि देहयको विवरण खोली निवेदन गरेकाछौं । प्रस्तावित संस्थाको विधानको एक प्रति सहित अन्य कागजातहरु पनि यसै निवेदन साथ संलग्न गरिएको छ ।

विवरण

१ स्थाको नाम

२ संस्थाको उदेश्य

क

ख

ग

प्रवन्ध समितिका सदस्यहरुको. नाम. ठेगाना. पेशा

क

ख

ग

घ

ङ

च

छ

४ आर्थिक श्रोत

५ कार्यालयको ठेगानाः

.......................................

पदाधिकारिहरुको नाम

टेक बहादुर साउद

अध्यक्ष

## अनुसूची- २

(दफा ४ संग सम्बन्धित)

### संस्थाको नाम दर्ता किताब

| दर्ता नं | दर्ता मिति | | | संस्थाको ठेगाना | संस्थाको उदेश्य | संस्थाको पदाधिकारी एवं सदस्यको नाम ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

टेक बहादुर साउद
अध्यक्ष